# नीलकण्ठ नगरपालिका जनस्वास्थ्य सेवा ऐन,२०८१

प्रस्तावना:

नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता गर्नको लागि स्वास्थ्य सेवालाई सर्बसुलभ बनाउँदै सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्नको लागि समग्र स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम नाम "नीलकण्ठ नगरपालिका जनस्वास्थ्य सेवा ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नीलकण्ठ नगरपालिकाको नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्छ ।

(ख) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, बैंकल्पिक चिकित्सा लगायतका पद्दतीमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्ध्दनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवा सम्झनु पर्छ।

(ग) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी, नीजि, सामुदायीक, गैरसरकारी, सहकारी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(घ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा व्यक्तीको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिइने प्रारम्भिक सेवालाई सम्झनु पर्छ।

(ङ) "आकस्मिक प्रसुती सेवा" भन्नाले गर्भावस्था, प्रसुती अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबिसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ।

(च) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले उपलब्ध श्रोतको सीमा भित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भई तय गरियको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि प्रतिकारात्मक, प्रबर्ध्दनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरुको सन्तुलित एवं वैज्ञानिक, गतिशील तथा बृहत कार्य सूची एवं प्रणाली सम्झनु पर्छ।

(छ) "आयुर्वेदिक औषधी" भन्नाले आयुर्वेदिक प्रणालीबाट तयार गरिएको औषधि सम्झनु पर्छ।

(ज) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वाभाविक रुपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने काम सम्झनु पर्छ।

(झ) "गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि इजाजत प्राप्त स्वास्थ्य संस्था र इजाजत प्राप्त स्वास्थ्यकर्मी यस ऐन बमोजिमको प्रकृया पुरा गरी गरिने गर्भपतन सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "नीजि स्वास्थ्य संस्था" भन्नाले सार्वजनिक स्वास्थ्य संस्था बाहेकका अस्पताल, नर्सिङ्ग होम, प्रयोगशाला, डाइग्नोष्टिक सेन्टर, क्लिनिक, पोलिक्लिनिक, पुनर्स्थापन केन्द्र लगायत स्वास्थ्यसेवा प्रदान गर्ने सबै प्रकारका मुनाफा कमाउने उद्देश्यले स्थापना भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ठ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था तथा प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी वा नीजि वा गैरनाफामुलक सामुदायीक स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

(ड) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ।

(ढ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाको लागि स्वास्थ्य सांस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनुपर्छ।

(ण) "सेवाप्रदायक" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत सेवा प्रदान गर्ने व्यक्ति सम्झनुपर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सेवा व्यवस्थापन गर्ने संघीय तथा बागमती प्रदेश मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद -२

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३.आधारभुत स्वास्थ्य सेवा: (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य स्वास्थ्य सम्बन्धी सूचना, स्वास्थ्य उपचार सेवा र सो सम्बन्धी जानकारी प्राप्त गर्ने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई देहाय शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप, एकिकृत नवजात शिशु तथा बालरोग एकिकृत व्यवस्थापन सेवा र पोषण सेवा,

(ख) गर्भवती, प्रसुती तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत प्रजनन स्वास्थ्य सेवा,

(ग) नसर्ने रोग सम्बन्धी सेवा,

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(घ) सरुवा रोग सम्बन्धी सेवा,

(ङ) स्वास्थ्य प्रबर्धन सेवा,

(च) मानसिक रोग सम्बन्धी सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामन्य आकस्मिक स्वास्थ्य सेवा,

(झ) आयुर्देद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले राजपत्रमा सूचना जरी गरी तोकेका अन्य सेवा।

(४) उप दफा (३) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रकृयाबाट निःशुल्क रुपमा उपलब्ध गाराइनेछ।

(५) नगरपालिकाले स्थानीय साधन, स्रोत तथा आवश्यकताका आधारमा आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ र थप गरिएका आधारभूत स्वास्थ्य सेवा तोकिए बमोजिम स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध हुनेछ।

(६) उपदफा (५) बमोजिमका सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन प्रकृया नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

<u>४. आकस्मिक उपचारः</u> (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु स्वास्थ्य संस्था तथा सेवाप्रदायकको जिम्मेवारी हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अस्पतालमा तथा स्वास्थ्य संस्थामा उक्त बिरामीको उपचार सम्भव नहुने भएमा त्याहाँ उपलब्ध भएको आकस्मिक स्वास्थ्य सेवा तत्काल उपलब्ध गराई थप उपचारको लागि तत्काल उक्त सेवा प्राप्त हुने अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

<u>५.विशेषज्ञ सेवाः</u> (१) नगरपालिकाले सेवाको अवस्था तथा रोगको प्रकोप दरको आधारमा आवश्यकता अनुसार तोकिएको विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछ।

(२) विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

<u>६. प्रेषण (रिफरल) सेवाः</u> (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारका लागि आएका बिरामीहरुलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचारको आवश्यकता भएको खण्डमा तत्काल उक्त सेवा प्राप्त हुने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(२) प्रेषण गरिएको स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, खर्च ब्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु अभिभावक, परिवार सदस्य तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ।

(३) प्रेषण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. गुणस्तरीय स्वास्थ्य सेवा: (१) नगरपालिकाले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।

(२) नगरपालिकाले उपलब्ध साधन स्रोतको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थाको स्थापना गरी आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था गर्नेछ।

८. पेशागत आचरण र समानता: (१) स्वास्थ्य संस्था तथा सम्बन्धित परिषदले निर्धारण गरे बमोजिमको पेशागतआचरण पालना गर्नु पर्नेछ।

(२) विरामीको औषधि उपचार सम्बन्धी व्यक्तिगत स्वास्थ्य सरोकारका विषयहरुमा स्वास्थ्य संस्था तथा सेवाप्रदायकले गोपनियता कायम गर्नुपर्नेछ।

(३) सेवा प्रदायकले सेवाग्रही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको स्वास्थ्य गम्भिरताको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ।

## परिच्छेद -३

## स्वास्थ्य सेवा प्रणाली र व्यवस्थापन सम्बन्धी व्यवस्था

९. स्वास्थ्य सेवा संचालन र नियमन: (१) स्वास्थ्य संस्थाहरुको संरचना र सो संस्थाले प्रदान गर्ने सेवा सम्बन्धी व्यवस्था संघिय मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) स्वास्थ्य संस्था तथा सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधिनमा रही प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदान गर्नुपर्नेछ।

(४) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाहको लागि संघ, प्रदेश, निजि तथा गैरसरकारी संस्थाहरुसंग तोकिएको शर्तहरुको अधिनमा रही साझेदारी गर्न सक्नेछ।

१०. इजाजतपत्र प्राप्त गर्नुपर्ने: (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नुहुदैन।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(२) नगरपालिका भित्र नीजि तथा गैरसरकारी स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम इजाजत पत्र लिई सञ्चालन गर्नुपर्नेछ।

(३) यस ऐन प्रारम्भ हुँदाका बखत इजाजत नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुले नगरपालिकाले तोकेको समयभित्र उपदफा (२) बमोजिमको इजाजतपत्र लिनु पर्नेछ।

(४) अस्पताल तथा स्वास्थ्य संस्था संञ्चालन अनुमती प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृती, सेवा प्रवाह, जनसंख्या, भौगोलिक दुरी, पहुँच योग्य, शय्य क्षमताको निर्धारण तोकिएको मापदण्ड अनुसार हुनेछ।

(५) संघीय तथा प्रदेश सरकार स्वास्थ्य निकायमा दर्ता भई यस नगरपालिका भित्र सेवा प्रदान गर्ने अस्पताल तथा स्वास्थ्य संस्थाले नगरपलिकामा सुचिकृत गर्नु पर्नेछ ।

(६) नगरपालिकाले अस्पताल, प्रयोगशाला, नर्सिङ्ग होम, पोलिक्लिनिक, क्लिनिक, औषधालय, औषधी पसल लगायत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नियमित रुपमा निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ।

(७) अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सञ्चालन अनुमती, दर्ता, नविकारण, स्तरोन्नती सम्बन्धी कार्यको लागि आवश्यक मापदण्ड सहितको कार्यविधि बनाई लागू गरिनेछ।

(८) स्वास्थ्य सेवा सञ्चालन,नियमन र इजाजत पत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

<u>११. खारेज भएको मानिने:</u> (१) दफा (९) बमोजिम तोकिएको मापदण्ड पुरा नगर्ने र दफा (१०) बमोजिम इजाजतपत्र नलिई सञ्चालनमा रहेको स्वस्थ्य संस्थाको इजाजत पत्र स्वतः खारेज भएको मानिनेछ।

<u>१२. थप सेवा विस्तार गर्न वा शाखा स्थापन गर्न वा संस्था गाभिन अनुमति लिनुपर्ने:</u> (१) स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पुरा गरी सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ।

(२) नगरपालिका भित्र सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी स्वास्थ्य संस्था एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिएबमोजिमका शर्तहरु पूरा गरी सञ्चालन अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्था संचालकहरुले संयुक्तरुपमा सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ।

<u>१३. स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रवाह गर्ने:</u> (१) नगरपालिकाले आवश्यकताको आधारमा विद्यालय स्वास्थ्य प्रबर्धन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकाले आवश्यकता अनुसार सामुदायीक नर्स वा स्वास्थ्यकर्मी परिचालन गरी घर-दैलोमा नै निःशुल्क स्वास्थ्य सेवा आवश्यक मापदण्ड सहितको कार्यविधि बनाई सञ्चालन गर्न सक्नेछ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेंसी, धादिङ
बागमती प्रदेश, नेपाल

(३) सरकारी, गैरसरकारी तथ नीजि स्वास्थ्य संस्थाले नगरपालिकाले तोकेको मापदण्ड पुरा गरी अनुमति लिएर घुम्ती शिविर मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया र मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद -४

## नगरपलिका स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

**१४. नगरपालिका स्वास्थ्य समिति गठनः** (१) यस ऐनमा व्यवस्था भए बमोजिमका स्वास्थ्य सम्बन्धी काम कारवाहीलाई प्रभावकारी बनाउन, नीतिगत रुपमा सल्लाह दिन र ऐनको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न नगरपालिका स्तरीय एक स्वास्थ्य समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्।

(क) प्रमुख, नीलकण्ठ नगरपालिका- अध्यक्ष
(ख) उप प्रमुख, नीलकण्ठ नगरपालिका- सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य
(घ) संयोजक, सामाजिक विकास समिति, नीलकण्ठ नगरपालिक- सदस्य
(ङ) निर्देशक, धादिङ अस्पताल- सदस्य
(च) प्रमुख, जनस्वास्थ्य कार्यालय धादिङ- सदस्य
(छ) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्यबाट अध्यक्षले मनोनित गरेको कम्तिमा १ जना महिला सहित ३ जना- सदस्य
(ज) नीजि, सामुदायीक र सहकारी स्वास्थ्य संस्था सञ्चालक मध्यबाट अध्यक्षले मनोनित गरेको १ जना- सदस्य
(झ) शाखा प्रमुख, जनस्वास्थ्य शाखा, नीलकण्ठ नगरपालिका- सदस्य सचिव

(३) उपदफा (२) बमिजिम गठित समितिका अध्यक्षद्वारा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) आवश्यकता अनुसार बैठकमा अन्य विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**१५. स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा (१४) अनुसार गठित स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगर स्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने।
(ख) स्वास्थ्य सम्बन्धी बहुवर्षिय नीति, योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने।
(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेंसी, धादिङ बागमती प्रदेश, नेपाल

(घ) गुणस्तरीय, वैज्ञानिक तथा जनमुखि स्वास्थ्य सेवाको लागि स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्न आवश्यक समन्वय र सुझाव दिने।

(ङ) स्वास्थ्यसँग सम्बन्धित अन्य कुनै आवश्यक विषयमा सुझाव प्रस्तुत गर्न आवश्यकता अनुसार मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न परामर्श दिने।

(च) आवश्यकता अनुसार उपसमिति गठन गरी स्वास्थ्य सम्बन्धी माककारवाही गर्ने गराउने।

(छ) नगरपालिकाको सबै नीतिहरुमा स्वास्थ्य नीति अबलम्बन गर्न पैरवी गर्ने।

## परिच्छेद -५
## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य

<u>१६. प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा:</u> (१) नरपालिकाले संविधान प्रदत्त महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न र प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनको लागि आवश्यक नीति एवं रणनीति तयार गरी लागू गर्नेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसुती सेवा, गर्भनिरोधको सेवा तथा प्रजनन सम्बन्धी रोगको निदान, उपचार र पोषण सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम निःशुल्क उपलब्ध गराउने व्यवस्था हुनेछ।

(३) नगरपालिकाले सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउन तोकिएका स्वास्थ्य संस्थाहरु मार्फत २४ सै घण्टा प्रसुति सेवाको लागि आवश्यक व्यवस्था गर्नेछ।

(४) नगरपालिकाले प्रजनन स्वास्थ्य सेवा तथा सुरक्षित मातृत्व सेवाग्रहीको पहुँच तथा उपयोग बढाउन प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्नेछ।

(५) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -६
## खोप र पोषण सम्बन्धी व्यवस्था

<u>१८. खोप सेवा:</u> (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मुलन गरी शिशु, बालबालिका तथा माहिला लगायतको रुग्णतादर वा मृत्युदर घटाउन तथा खोप सेवाको गुणस्तर बृद्धि र विस्तार गर्नको लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) नेपाल सरकार तथा प्रदेश सरकाले तोके बमोजिमको खोप सेवा तोकिएको स्वास्थ्य संस्था मार्फत निःशुल्क उपल्ध हुनेछ।



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

(३) कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कुनै कार्यमा कुनै किसिमको अवरोध गर्नु हुदैन।

**२०. अनुमति लिनुपर्ने:** (१) खोप सञ्चालन गर्न चाहने नीजि, गैरसरकारी, सामुदायीक, सहकारी स्वास्थ्य संस्थाले तोकिएको निकायले अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको खोप सेवा निःशुल्क उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको निकायमा नियमित रुपले प्रतिवेदन पेश गर्नुपर्नेछ।

**२१. स्तनपान प्रबर्द्धन, संरक्षण र संबर्द्धन:** (१) बच्चा जनम्देखि ६ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ।

(२) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको निरुत्साहन गर्न नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक नियन्त्रणको व्यवस्था गर्नेछ।

**२२. गुणस्तर कायम गर्नुपर्ने:** (१) कुनै पनि प्रकृतिका खाद्य पदार्थ, खानेपानी वा औषधिजन्य लगायत पदार्थको उत्पादन, भण्डारण वा विक्रिवितरणमा तोकिएबमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ।

(२) उपदफा(१) बमोजिम गुणस्तर कायम नगरी विक्री वितरण गरेर जनस्वास्थ्यमा प्रतिकुल असर परेमा सोको क्षतिपूर्ति प्रचलित कानून बमोजिम स्वदेशी उत्पादनको हकमा उत्पादक र विक्रेता दुबैलाई र विदेशी उत्पादनको हकमा विक्रेताले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गुणस्तर तथा मापदण्ड कायम भए नभएको सम्बन्धमा नगरपालिकाले तोकेको निकायले अनुगमन गर्नेछ।

## परिच्छेद -७
## महामारी तथा आपतकालिन स्वास्थ्य सेवा व्यवस्थपन

**२३. आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन:** (१) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन तोकिए बमिजिम द्रुत प्रतिकार्य टोली रहनेछ।

(२) नगरपालिकाले आपतकालिन स्वास्थ्य योजना विकास गरी लागू गरिनेछ।

(३) आपतकालिन अवस्थामा स्वास्थ्य सेवा प्रवाह, जनशक्ति र बजेट व्यवस्थापन आवश्यकताको आधारमा परिचालन गरिने।

(४) नगरपालिकाले आपतकालिन अवस्तामा प्रचलित कानूनको अधिनमा रही जनस्वास्थ्य विपद अवस्था घोषणा गर्न सक्नेछ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

(५) नजस्वास्थ्य विपदको समयावधी र क्षेत्र लगायत अन्य पक्षहरुमा उपलब्ध तथ्यांक तथा सुचनाको आधारमा थपघट वा हटाउन सक्नेछ।

(६) आपतकालिन स्वास्थ्य अवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. सरुवा रोग तथा महामारी रोकथामः (१) सरुवा रोग तथा महामारीको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परिक्षण गर्न र गराउनु सबैको कर्तव्य हुनेछ।

(२) सरुवा रोग रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५.जनस्वास्थ्य सर्भिलेन्स सम्बन्धी व्यवस्थाः (१) नगरपालिकाले विभिन्न रोग तथा महामारीको अवस्था तथा असर सम्बन्धी अध्ययन, वातावरणीय स्वास्थ्यको अवस्था र गुणस्तर लगायत अध्ययन तथा अनुसन्धान गर्न नियमित निरीक्षण, अनुगमन, नियमन तथा निगरानीका लागि तोके बमोजिमको व्यवस्था गर्नेछ।

परिच्छेद -८

## स्वास्थ्य प्रबर्द्धन तथा वातावरणीय स्वास्थ्य

२६. सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवन गर्न नहुनेः (१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन गर्न पाउने छैन।

(२) व्यवस्थापनले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धुम्रपान, मध्यपान तथा सूर्तजन्य पदार्त सेवन गर्न नपाउने सूचना सबैले देखे र थाहा पाउने गरी टाँस गर्नुपर्नेछ।

२७ सूर्तिजन्य पदार्थको उत्पादन, विज्ञापन तथा बिक्रिवितरणः (१) सुर्तजन्य पदार्थको प्याकेट तथा बाहिरी खोल (र्यापर्स) को बनावट, बिक्रिवितरण, सुर्तिजन्य पदार्थको प्रबर्धन तथा विज्ञापन, प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइने छैन। सो सम्बन्धी हन्य, व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) धुम्रपान तथा सुर्तिजन्य पदार्थको अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) अठार बर्ष नपुगेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न वा गराउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन।

२८. मदिरा उत्पादन, विज्ञापन तथा विक्रिबितरणः (१) कसैले पनि मानव स्वास्थ्यलाई प्रतिकुल हुने गरी मदिरा तथा मदिराजन्य उत्पादन, विक्रिबितरण तथा मदिराको विज्ञापन, प्रचार-प्रसार गर्न पाइनेछैन।

(२) नगरपालिकाले मदिरा नियन्त्रण गर्न तथा विक्रि बितरणलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बानाई लागू गर्न सक्नेछ।

**२९. नसर्ने रोगको रोकथाम:** (१) नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परिक्षण गर्नु गराउनु सबैको कर्तव्य हुनेछ।

(२) नगरपालिकाले नसर्ने रोग सम्बन्धी विशेष प्यकेजको निर्माण गरी नसर्ने रोग रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम संचालन गर्नको साथै आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) नसर्ने रोगको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**३०. स्वास्थ्य प्रबर्धन अभियान:** (१) नगरपालिकाले स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माण गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न सरकारी, गैरसरकारी, सामुदायिक, सहकारी तथा नीजि सँघ संस्थासँग सहकार्य तथा समन्वय गरी स्वास्थ्य प्रबर्धन अभियान संचालन गर्न सक्नेछ।

**३१. फहोरमैला व्यवस्थापन:** (१) नगरपालिकाले मानव स्वास्थ्यमा प्रतिकुल असर रोकथामका सबै वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धि नीति तथा मापदण्डका आधारमा आवश्यक कार्य गर्नेछ।

(२) स्वास्थ्य संस्थाजन्य फोहोरमैला संकलन, पुन: प्रयोग, प्रशोधन, विसर्जन, र नियमन नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको मापदण्ड साथै प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद -९

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा

**३२. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था:** (१) आयुर्वेद, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा, अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा लगायत मान्यता प्राप्त वैकल्पिक चिकित्सा सेवा तथा संस्था दर्ता, अनुमति, कार्यान्वयन, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) नगरपालिका भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई एलोप्याथिक स्वास्थ्य सेवासँग एकिकृत रुपमा सेवा प्रदान गर्न प्रोत्साहनमुलक कार्यक्रम तर्जुमा गरी लागू गर्न सकिनेछ।

(३) नगरपालिकाले सर्ने तथा नसर्ने रोग रोकथाम, नियन्त्रण साथै अस्वस्थ्यकर जीवनशैली परिवर्तनका लागि आयुर्वेदिक विशिष्ट चिकित्सा पद्धति, योग, पूर्व कर्म/पंचकर्म, रसायन चिकित्सा र स्वस्थ जीवनशैली परामर्श सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

परिच्छेद -१०

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

**३३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्था:** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी सेवा सुविधा लगायत सबै व्यवस्था संघीय सरकार तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कामलाई उच्च मुल्यांकन गर्दै प्रोत्साहनका लागि स्रोत साधनको अधिनमा रही आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) नगरपालिकाले लामो समय सेवा प्रदान गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कामको उच्च कदर गर्दै दिर्घकालिन सेवा स्वरुप सम्मान गर्न सक्नेछ ।

परिच्छेद -११

## अन्य स्वास्थ्य सेवा व्यवस्थापन र सहयोगी कार्यक्रम

**३४. स्वास्थ्य आपूर्ति व्यवस्था:** (१) नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न तोकिए बमोजिमको नि:शुल्क एवं अत्यावश्यक औषधी तथा औषधीजन्य सामाग्रीको नियमित आपूर्तिको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

(२) आपतकालिन अवस्थामा स्वास्थ्य संस्थाहरुमा तोकिए बमोजिमको आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीको भण्डारण (बफरस्टक) व्यवस्थापन गरिनेछ।

**३५.स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना र संचार:** (१) तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचांक तथा सूचनाहरुको उपयोग गरिनेछ।

(२) स्वास्थ्य सम्बन्धी तथ्यांक तथा सूचनाहरुको प्रवाहको लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको समयानुकुल परिमार्जन सहित प्रयोग गरिनेछ।

(३) स्वास्थ्य सम्बन्धी तथ्यांकको भण्डारण, सूचना र संचारको वस्तुनिष्ट, पहुँचयोग्य, भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६.प्रयोगशाला सेवा:** (१) स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्नुका साथै रोग निदानको लागि आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना तथा सेवा सञ्चालन गरिनेछ।

(२) प्रयोगशालाको व्यवस्थापन्न तथा सञ्चालन नगरपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद -१२

## दण्ड सजाय र विविध



नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

**३७. दण्ड सजाय र अन्य:** (१) यस ऐन विपरित कुनै कसुर गरेमा जनस्वास्थ्य सेवा ऐन २०७५, सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन २०६८ र अन्य प्रचलित कानून अनुसार दण्ड र सजाय हुनेछ।

**३८. नियम बनाउने अधिकार:** नगरपालिकाले यस ऐनको कार्यन्वयनको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ।

**३९. कार्यविधि, निर्देशिका तथा मापदण्ड:** यस ऐन र यस ऐन अन्तर्गत बन्ने नियमको कार्यन्वयनको लागि नगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका, रणनीति तथा मापदण्ड बनाउन सक्नेछ।

**४०. यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल